नेपाल प्रेस इन्स्टिच्यूट
NEPAL PRESS INSTITUTE
Since 1984

# सर्वेक्षणमा सहभागी बनौं मिडियालाई विपत्-मैत्री बनाऔं

श्रावण २, २०७७

काठमाडौं । नेपाली पत्रकारितालाई विपत्का समयमा पनि आम पाठक, श्रोता तथा दर्शकको सेवामा अझ बढी सवलीकरणका साथ व्यावसायिक सेवा प्रदान गर्नसक्ने बनाउने प्रयोजनले भैरहेको सर्वेक्षणमा सहभागी हुन नेपाल प्रेस इन्ष्टिच्युट सबैमा अनुरोध गर्दछ ।

गत असार अन्तिम सातादेखि बर्नमथ युनिभर्सिटी, बेलायतको सहयोगमा इन्ष्टिच्युटले अनलाइन सर्वेक्षण सुरु गरेको छ । कम्तिमा दुई हजार सहभागीले सर्वेक्षणमा भागलिने अनुमान गरिएकोमा आजसम्म त्यसको काधा संख्या मात्र पुगेको अवस्था छ । श्रावणको पहिलो साताभित्र लक्ष्यअनुसारको सहभागिता जुटाउने काम भइरहेको छ । अनलाइन सर्वेक्षणमा सहभागी हुन बाँकी सञ्चारकर्मीहरुले आजै सहभागी भई लक्ष्य पूरा गर्न सहयोग गर्नुहुने विश्वास गरिन्छ । नेपाल भूकम्प, बाढी, पहिरो र रोगव्याधिबाट प्रभावित हुँदैआएको मुलुक हो । अहिले कोभिड-१९ महाव्याधिले नेपाली पत्रकारहरहरूलाई समेत असजिलोमा पारेको छ । यसका असरका बारेमा एउटा सर्वेक्षणको आयोजना गरी आमसञ्चार तथा पत्रकारिताका औपचारिक तथा अनौपचारिक पाठ्यक्रममा त्यसको विश्लेषण समावेश गर्ने लक्ष्य रहेको छ ।

सर्वेक्षणको लिङ्क यस प्रकार छ :
https://bit.ly/NPI_BU-Survey_COVID19

नीलकण्ठ उप्रेती
अध्यक्ष, नेपाल प्रेस इन्स्टिच्युट

Regional Offices:
Biratnagar: Regional Media Resource Centre, Kirti Marg, Tintoliya, Biratnagar-13, Nepal, Tel: 977-21-533768, Fax: 977-21-528819, E-mail: rmrc@wlink.com.np
Nepalgunj: Regional Media Resource Centre,Shantipath, bulbuliya, Nepalgunj-17, Nepal, P.O.Box 07, Tel: 977-81-521604, Fax: 977-81-522469, E-mail: rmrc_npj@wlink.com.np